स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२०७५ सालमा आएको फिल्म 'इन्टु मिन्टु लण्डनमा'बाट अभिनेता धीरज मगरको उदय भएको थियो । यसले उनको छवि नै 'लभर ब्वाई'को रुपमा बनायो । यसपछिका फिल्ममा पनि उनी रोमान्टिक भूमिकामै देखिए, तर त्यसमा विविधता देखिन्थ्यो । दोस्रो फिल्म 'बाबरी'मा लुक्सदेखि बोल्ने शैलीसम्म फरक थियो । 'ज्याकी'मा डान्सर बनेका थिए । र, 'एक भगवत् गीता'मा मगर चरित्र निभाए ।

**आजको विचार...**



शासन...
*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे

आफूलाई जेमा राम्रो गर्न सक्छु भन्ने आत्मविश्वास छ, त्यो कार्य गर्न पाउँदा अत्यन्त खुसी लाग्दो रहेछ । जीवन सञ्चालन गर्न प्यासन नै नभएको कुरामा पनि इन्गेज हुनुपर्ने मानिसहरूको बाध्यता हुन्छ । यस मानेमा म चाहिं भाग्यमानी छु । जुन कुरा मलाई असाध्यै गर्न मन थियो । त्यही गर्न पाएँ । पछि नेपाली चलचित्रको निर्माण हुने क्रम बढ्दै गयो । म असाध्यै खुसी भएँ । चलचित्रमा काम गर्दाको पहिलो चरणमा मेरा अन्योलता र प्रश्नचिह्न थियो । त्यतिबेला नेपाली चलचित्र खासै फस्टाइसकेको थिएन ।



❒ वर्ष ३० ❒ अंक ५६ ❒ २०८१ भदौ २५ गते मंगलबार 10 September 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा बढ्दो आत्महत्या

## तीन वर्षमा दुई सय ४९ जनाले गुमाए ज्यान

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २४/पछिल्लो समय पाल्पामा आत्महत्याको स्थिति डरलाग्दो देखिएको छ । पछिल्लो तीन आर्थिक वर्षमा मात्र जिल्लामा दुई सय ४९ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ ।

जिल्ला प्रहरी कार्यालय पाल्पाको तथ्याङ्क अनुसार जिल्लाभर आव २०७८/०७९ मा ७५ जना, आव २०७९/०८० मा ८६ जना र आव २०८०/०८१ मा ८८ जनाले आत्महत्या गरेका छन् । सबैभन्दा बढी झुण्डिएर र विष सेवन गरेर आत्महत्या गर्नेहरू छन् । पछिल्लो तीन वर्षमा २ सय १४ जनाले झुण्डिएर आत्महत्या गरेका छन् । यस्तै सो अवधिमा २९ जनाले विष सेवन गरेर आत्महत्या गरेका छन् ।

त्यसपछि नदीमा हाम फालेर आत्महत्या गर्ने छन् । जहाँ तीन वर्षमा चार जनाले नदीमा हाम फालेर आत्महत्या गरे । त्यसपछि शरीरमा आगो लगाएर आत्महत्या गर्ने छन् । १ जनाले आफ्नो शरीरमा आगो लगाएर जीवन त्यागेका छन् । प्रहरीको तथ्यांक अनुसार हरेक वर्ष आत्महत्य गर्नेको संख्या बढ्दै गएको देखिन्छ । तुलनात्मक रुपमा आत्महत्या गर्नेको संख्या बढ्दो रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक (डिएसपी) सुगन्ध श्रेष्ठले जानकारी दिए । गत आवमा ४० वर्षभन्दा माथिका ४८ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । जबकी अघिल्लो आवमा यो उमेर समूहका ४० जनाले मात्र आत्महत्या गरेका थिए ।

४० वर्षभन्दामाथि आत्महत्या गर्ने मानिस दीर्घरोगी, पारिवारिक समस्यामा रहेका, डिप्रेसनका औषधी सेवन गरेको प्रहरीले जनाएको छ । यस्तै पछिल्लो समय आत्महत्या गर्ने किशोर-किशोरी पनि बढेका छन् । गत आव २०८०/०८१ मा सात जना बालबालिकासहित किशोर-किशोरीले आत्महत्या गरेको प्रहरीले जनाएको छ । यो संख्या अघिल्लो आवको तुलनामा चार जनाले बढी हो । जिल्लामा आत्महत्याका घटना बढ्दै जान थालेपछि प्रहरीले अभियान चलाएको छ ।

आत्महत्या न्यूनीकरण गर्न समुदाय र विद्यालयस्तरमा पुगेर सचेतनाका कार्यक्रमहरु गर्नेदेखि आत्महत्याको प्रयास गर्नेहरुको कारण खोजी गरी उनीहरुलाई उचित परामर्श दिदै आइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी श्रेष्ठले बताए । पछिल्लो समय आत्महत्या पाल्पासहित देशैभर नै डरलाग्दो छ । सफलता र असफलता बीचको दूरीले मानिसलाई आत्महत्याको बाटो रोजाउने प्रहरी अधिकृतहरू बताउँछन् । महत्वाकांक्षा र अपेक्षाअनुसार व्यावसायिक, व्यक्तिगत जीवनमा आत्मसन्तुष्टि नमिलेपछि व्यक्ति डिप्रेसनमा जाने र त्यसको चरम रूप आत्महत्या हुने प्रहरीहरूको भनाइ छ । आत्महत्याको कहालीलाग्दो स्थितिलाई लिएर अध्ययन गरी समाधानको बाटो खोज्नुपर्ने सरोकारवालाहरु बताउँछन् । आत्महत्याका पछाडी आर्थिक र समाजिक कारणहरू जोडिएका हुन्छन् । आर्थिक कारणमा बेरोजगारी, वैदेशिक रोजगार र महिलाहरू आत्मनिर्भर नहुनु कारणहरू हुन् । यस्तै सामाजिक कारणमा परपुरुष वा स्त्रीसँगको अवैध सम्बन्ध, बोक्सी, दाइजोजस्ता सामाजिक विकृतिले समेत मानिसलाई आत्महत्याको बाटो देखाउने गर्दछ । मानसिक तनाव अर्को कारण हो । त्यसमा कार्य असफलता, प्रेममा सफल हुन नसक्नु, घरेलु हिंसा, पारिवारिक कलह, न्याय प्रणालीमा पहुँचको कमी र कतैकतै दीर्घरोग लागेका व्यक्तिले समेत अब ठीक हुन सकिन्न भन्ने थाहा पाएपछि धेरैले आत्महत्या गर्ने गरेका छन् । समाजबाट एक्लिन थालेको महसुस गरेपछि मानिस आत्महत्या गर्ने स्थितिमा पुग्छ ।

-बाँकी अन्तिम पेजमा

### पाल्पामा तीन आर्थिक वर्षमा भएका आत्महत्याको अवस्था

| आत्महत्याका प्रकार | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ |
|---|---|---|---|
| बिष खाएर | ९ | ७ | १३ |
| झुण्डिएर | ६४ | ७७ | ७३ |
| आफैले आगो लगाएर | १ | ० | ० |
| नदीमा हाम फालेर | १ | १ | २ |
| अन्य | ० | १ | ० |
| जम्मा | ७५ | ८६ | ८८ |

स्रोत: जिल्ला प्रहरी कार्यालय पाल्पा

## सक्षिप्त समाचार

### आक्रमणमा १४ जनाको मृत्यु

**(रासस/एएफपी)**

**दमास्कस,** २४ भदौ/सिरियाली सरकारी सञ्चारमाध्यमले सोमबार राति मध्य हामा प्रान्तमा इजरायली आक्रमण भएको र उक्त घटनामा परी कम्तीमा १४ जनाको मृत्यु भएको जनाएका छन् ।

सरकारी समाचार संस्था सानाले एक चिकित्सकीय स्रोतलाई उद्धृत गर्दै भनेको छ, 'मस्याफ आसपासका विभिन्न स्थानमा इजरायली आक्रमणका कारण १४ जनाको मृत्यु भएको छ भने ४३ जना घाइते भएका छन् । यसअघि सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स)ले इजरायली आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको जानकारी दिएको थियो । इजरायलले पछिल्लो समय आफ्ना छिमेकी मुलुकमा बसेर इजरायलमाथि आक्रमण गर्ने विभिन्न समूहमाथिको कारबाहीलाई बढाएको छ । अक्टोबरमा प्यालेष्टिनी इस्लामिक समूह हमासले दक्षिणी सिरियामा गरेको आक्रमणपछि गाजामा सक्रिय सैन्य कारबाही सुरू गरेको इजरायलले गाजामा गरेको कारबाहीमा करिब ४१ हजार प्यालेष्टिनीको मृत्यु भएको छ । मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेको गाजास्थित हमास नियन्त्रित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायलले लेबनान र यमनमा पनि आफ्नो हवाई आक्रमणलाई केन्द्रित गरेको छ ।

## आज विश्वआत्महत्या रोकथाम दिवस




**पाल्पा,** भदौं २४/आज विश्व आत्महत्या रोकथामदिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

हरेक वर्ष सेप्टेम्बर १० मायो दिवस मनाउने गरिन्छ । आत्महत्या रोकथाम विश्वभर नै चुनौतीको रूपमारहेको छ । प्रत्येक वर्ष आत्महत्याको कारण आठ लाख जनाको मृत्यु हुनेतथ्यांकले देखाउँछ । हरेक ४० सेकेण्डमाविश्वमा एक व्यक्तिले आत्यहत्याका कारण ज्यान गुमाइरहेका हुने विश्व स्वास्थ्य संगठनकोतथ्यांक छ । आत्महत्या रोकथाम दिवस मनाईरहँदा नेपालमाभने आत्महत्याको घटनाले बिकराल रूप लिदै गएको छ । नेपालमा बर्षेनीआत्महत्या गर्नेको संख्यामा बृद्धि भैरहेको छ । आत्महत्या गर्नेहरूको संख्या बढ्दै गर्दा रोकथामका लागि उपायको खोजी अव अति आवश्यकभैसकेको छ । आत्महत्या बढ्नुको कारणमा मानसिक समस्यालाई प्रमुखकारण मानिएको छ । त्यसमा पनि गरिवी, पारिबारिक कलह, लामोसमय परिवारबाट अलग हुनु, तनाव, कामको बोझ आदि प्रमुख कारण रहेका छन् ।

## असुरक्षित भवनबाट सेवा दिंदै इलाका प्रशासन कार्यालय



**भैरहवा,** २४ भदौ/तत्कालीन मर्चवारको १८ गाविसलाई सेवा दिने उद्देश्यले २०४६ सालमा स्थापना गरिएको थियो, इलाका प्रशासन कार्यालय मझगावा । अहिले पनि उक्त कार्यालयले रूपन्देहीको दक्षिणी क्षेत्र कोटहीमाई, सम्मरीमाई र मर्चवारी गाउँपालिकाका सेवाग्राहीलाई सेवा प्रदान गरिरहेको छ । तीन वटा पालिकालाई सेवा प्रदान गर्ने इलाका प्रशासन कार्यालयको भवन भने जीर्ण बनेको छ ।

सिँचाई कार्यालयको भवनबाट सेवा दिइरहेको भवनमा चार कोठा छन् । राष्ट्रिय परिचयपत्रको लागि फोटो खिच्ने कोठामै स्टोर रुम बनेको छ । एकातिर विभिन्न कबाड रहेको छ भने सोही कोठाको अर्कोतिर राष्ट्रिय परिचय बनाउनेको चाप हुन्छ । नागरिकता बनाउने कोठामा बिजुलीको तारमा पंखा झुण्डिरहेको छ । सुस्त गतिमा चलिरहेको पंखा गति बढाए कर्मचारीमाथि खस्ने जोखिम छ । अझ कार्यालय प्रमुखको कोठामा छतबाट इँट्टाका टुक्रा झर्ने गरेका छन् । छतबाट पटक पटक इँट्टा खस्ने गरेको कार्यालय प्रमुख शोभा पाण्डेले बताइन् ।

'गृहमन्त्रीदेखि यहाँका तीन वटै पालिकालाई मर्मतको लागि अनुरोध गरेँ, कतैबाट सहयोग भएन,' पाण्डेले भनिन्, 'अहिले जोखिममै बसेर काम गरिरहेका छौं ।' इलाका प्रशासन कार्यालय मझगावामा सेवाग्राहीको चाप पनि उस्तै छ । नागरिकता र नागरिकताको प्रतिलिपि मात्र गरी दैनिक ६० वटाभन्दा बढी बन्ने गरेको छ । कार्यालय भवन साँघुरो मात्र छैन, यहाँ सेवाग्राहीका लागि प्रतिक्षालयसमेत छैन ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बीपीको सान्दर्भिकता

नेपालको राजनीति र साहित्यमा महत्वपूर्ण योगदान दिएका पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको १११ औं जन्मजयन्ती सोमबार विभिन्न कार्यक्रम गरी देशभर मनाइएको छ । नेपालमा प्रजातन्त्रको स्थापना एवं पुनःस्थापनाका लागि कठोर संघर्ष गरेका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो ।

४२ वर्षपहिले २०३९ साउन ६ गते देहवसान भएका बीपीबारे अहिले पनि बहस, विवेचना र विमर्श चलिरहेको छ । निरंकुश राणा शासन र अधिनायकवादी राजतन्त्रको अन्त्य गरी लोकतन्त्र स्थापनाका लागि पाँच दशकभन्दा लामो संघर्षपूर्ण र उतारचढावपूर्ण इतिहास भएका बीपी राजनीतिक दृष्टिले आजपर्यन्त जीवित छन् । बीपीबिना नेपालको लोकतान्त्रिक आन्दोलन र सैद्धान्तिक–वैचारिक बहस नै अपूर्ण हुने भएकाले उनीबारे विमर्श हुनु स्वाभाविक नै हो । तर उनको आदर्श, नैतिक मूल्यमान्यता र निष्ठाको राजनीति गर्दै आएको काँग्रेसले अहिले त्यो बाटो छोड्दै गएको हो कि भन्ने अनुभूति भएको छ । आफ्नो सम्पूर्ण जीवनकाल प्रजातन्त्रको लडाइँमा समर्पित गरेका बी.पी. २०१५ सालको संसदीय आमनिर्वाचनमा दुईतिहाईभन्दा बढी मतले विजयी भएपछि जननिर्वाचित पहिलो प्रधानमन्त्री बन्ने सौभाग्य प्राप्त गरेका थिए । तर विडम्बना, आफूलाई जनताको सेवक ठान्ने बी.पी.को समाजवादको आदर्श चिन्तनलाई मुलुकमा प्रजातन्त्र आएको यति लामो समय हुँदासम्म पनि नेपाली काँग्रेसले साकार पार्न सकेको छैन । बी.पी भौतिकरूपमा नरहे पनि समाज परिवर्तनका कयौं आधारभूत पदचिन्ह छोडेर गएका छन् । उनले जन्माएर हुर्काएको नेपाली काँग्रेस आज अलमलमा छ ।

बीपी जस्तो प्रतिभा सम्पूर्ण नेपालीको धरोहर हो भन्ने बुझाउन समय लाग्ला तर उनका विचार र कृति दीर्घकालसम्म सबैका लागि विचारणीय हुनेमा सन्देह छैन । राष्ट्रियता, लोकतन्त्र र समाजवादको प्रथम नेपाली भाष्यकारका रूपमा बीपीको योगदान सदा स्मरणीय र प्रेरणदायी बनेको छ । उनको विचार, सिद्धान्त र उनले छोडेका राजनीतिक तथा साहित्यिक लेखनले कुनै न कुनै रूपमा नेपाली समाज प्रभावित भइरहेको छ । अहिलेको सन्दर्भमा समेत बीपीको विचार उत्तिकै सान्दर्भिक बनेको छ । काँग्रेसले बीपीलाई औपचारिक रुपमा सम्झने मात्र होइन उनको विचारलाई आत्मसाथ गर्दै पार्टीलाई सोही दिशामा हिडाउनु अहिलेको आवश्यकता हो । यसर्थ अहिलेको नेतृत्वपंक्तिले भाषणबाट होइन व्यवहारबाटै बीपीको आदर्शलाई अंगीकार गर्न जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगी जिउनु छ भने कठिनाइ त आउँछ नै
नत्रभने मरेपछी त जलेको पनि महसुस हुदैन !

*सम्राट भट्टराईकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Samrat.Bhattrai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शासन भोग होइन, देश विकासको साधना हो



डा. गणेशप्रसाद घिमिरे

*शान्ति र युद्धका बीचमा मानिसको स्वभावले काम गरेको हुन्छ । मानिसका रूपमा उभिएका युधिष्ठिरले सदा शान्ति चाहे । शान्ति चाहेर पनि उनले शान्तिको मार्गमा आफूलाई उभ्याउन सकेनन् । शान्ति युधिष्ठिरको मनोकांक्षा थियो । शान्तिका माध्यमबाट नै म हस्तिनापुरको शासनभार सम्हाल्न सक्छु भन्नु उनीभित्रको चाह थियो । तर त्यसो हुन सकेन । युद्ध भयो । युद्ध डरलाग्दो हुन्छ ।*

शासन आफैंमा भोग होइन । शासन गर्ने व्यक्तिको आधारमा शासकीय कार्य गतिशील बनेको हुन्छ । शासनलाई भोग मान्ने प्राप्तिले शासकको अवस्था पनि कमजोर हुने कुरामा अविश्वास गर्न मिल्दैन । महाभारतको युद्ध समाप्त भएपछि हस्तिनापुरको सत्तालाई चलाउन सक्ने युधिष्ठिरले शासनलाई नै अस्वीकार गरिदिए । शासनमा बसेर मैले व्यवस्थालाई सञ्चालन गर्नु ठीक होइन भन्ने तथ्य उनले राखेको देखिन्छ । यो व्यवस्थाको आगमन रगतबाट भएको उनले मानेका छन् । मैले जुन किसिमको शासकीय व्यवस्था सञ्चालन गर्ने हो त्यसमा म आफैं पनि सक्षम छैन भन्ने तर्कलाई उनले वैशम्पायन ऋषिका अघि स्वीकार गरेका छन् । युद्ध कहिले पनि शान्तिको मार्ग बन्न सक्दैन । शान्ति र युद्धका बीचमा मानिसको स्वभावले काम गरेको हुन्छ । मानिसका रूपमा उभिएका युधिष्ठिरले सदा शान्ति चाहे । शान्ति चाहेर पनि उनले शान्तिको मार्गमा आफूलाई उभ्याउन सकेनन् । शान्ति युधिष्ठिरको मनोकांक्षा थियो । शान्तिका माध्यमबाट नै म हस्तिनापुरको शासनभार सम्हाल्न सक्छु भन्नु उनीभित्रको चाह थियो । तर त्यसो हुन सकेन । युद्ध भयो । युद्ध डरलाग्दो हुन्छ । डरलाग्दो युद्ध झेलेका उनले शासनमा आफूलाई दरो रूपमा उभ्याए । उनको शासकीय पद्दति तत्कालीन समयको गतिलो शासन मानिन्छ ।

**शासन भोग होइन**

युधिष्ठिर शासनमा आउनुपूर्व सबैसित राय सल्लाह मागेको देखिन्छ । युद्धबाट पाएको शासनलाई उनले तिरस्कार गर्न खोजेका पनि छन् । यसै सन्दर्भमा उनले वैशम्पायनसित भन्छन्

***न पार्थिवमिदं राज्यं न भोगाश्च पृथग्विधा : प्रीणयन्ति मनो मेद्रद्य शोको मा रुन्धयन्त्ययम् ।।***

मुनिवर ! भूतलको राज्य र विभिन्न प्रकारका सुखले आज मेरो मनलाई प्रशन्न गर्न सकेका छैनन् । यो शोकले मेरो मनलाई चारैतिरबाट घेरिरहेको छ । हस्तिनापुरको शासन उनले युद्धबाट पाएका थिए । आृना र आफन्तलाई मारेर पाएको शासनप्रति युधिष्ठिरको असन्तुष्टि थियो । उनको यो असन्तोषले हस्तिनापुरलाई शासकविहीन बनाउने अवस्था आएको थियो । तर त्यो अवस्था आउन दिएनन् युधिष्ठिरलाई सम्झाएर । ऋषिले युधिष्ठिरलाई जसरी सम्झाए त्यसले शासन भोग होइन भन्ने कुरालाई प्रमाणित गरिदिएको देखिन्छ । शासकका लागि लाभ हानी, सुखदुःख उत्पत्ति विनाश आफैं आएका हुन्छन् । यी सबैको भागीदार शासक होइन । शासकले त कर्म गर्ने हो । कर्म देश र देशका बासिन्दाका लागि हुनुपर्ने तर्कलाई उनले राखेको देखिन्छ । शासन आफैंमा सत्ताको भोग होइन । यो व्यवस्था हो । यो पद्दति हो । देशको विकासलाई गति दिने । जनातको सुख र सुविधाको ख्याल राख्ने । यो शासकीय व्यवहार कुनै पनि अवस्थामा भोग होइन । युधिष्ठिरको प्रश्नमा र वैशम्पायन ऋषिको अभिव्यक्तिमा शासक आफैंमा भोगको प्रतीक होइन । शासकले शासन चलाउन प्रयोग गरेका सबै कुरामा असल छाप आयो भने मानिसको व्यवहारमा समेत परिवर्तन आउने तर्क राखेका छन् । युधिष्ठिरलाई युद्धबाट पाएको राज्यले असन्तोष दिएको छ । मैले आफन्तलाई मारेर गर्ने राज्यले मेरो परिवारको, जनताको भलो हुन्छ र ? भन्ने तर्कलाई उनले मानेको देखियो । आफन्तको हत्या र युद्धबाट पाएको यो राज्यले मेरो सन्तोषलाई पूर्ण गर्न सक्दैन भन्ने तर्कलाई युधिष्ठिरले सकारेको देखिन्छ ।

***दीक्षां राज्ञः संयुगे युद्धमाहु र्योगं राज्ये दण्डनीयत्यां च सम्यक् वित्तत्यागो दक्षिणानां च यज्ञे सम्यक् दानं पावनानीति विद्यात् ।।***

शासकका लागि युद्धमा जुध्नु यज्ञबाट दीक्षा लिने समान् हो । राज्य सञ्चालनलाई विधिवत् दण्डनीतिका माध्यमबाट चलाउनु उसका लागि योग तथा साधना हो । यज्ञमा धनका रूपमा दक्षिणाको त्याग गर्नु उत्तम तरिकाले दानको त्याग हो । यी तिन कर्म शासकका लागि उत्तम उपाय मानिएका छन् । यी कर्मबाट चलाउने शासन नै शासकीय पद्दतिको उत्तम नमुना महाभारतले मानेको देखियो । शासन गर्न युधिष्ठिर असमहत भएको समयमा ऋषिको अभिव्यक्तिमा असल शासनमा हुने गुण बाहिर आएको देखियो । शासन भोग होइन योग हो । शासनमा बसेका मानिसले आफूलाई गतिलो तरिकाले बाहिर ल्याउनु आवश्यक मानिएको छ । शासकले आफूलाई केन्द्रमा राखेर शासन चलाउने होइन । शासकले राम्रो शासन व्यवस्थालाई गति दिन सक्यो भने उसको कीर्ति रहने तर्कलाई ऋषि भन्छन् :

***रक्षन् राज्यं बुद्धिपूर्वं नयेन संत्यक्तात्मा यज्ञशीलो महात्मा सर्वाल्लोकान् धर्मदृष्ट्या चरंश्चा प्यूर्ध्वं देहान्मोदते देवलोके ।।***

अहँकारलाई त्यागेर बुद्धिमान् व्यक्तिले नीतिपूर्वक राज्यको रक्षा गरेमा, स्वभावले नै यज्ञ अनुष्ठानमा लागेमा, धर्मको रक्षार्थ दृष्टिका माध्यमबाट अभिव्यक्ति भएमा सो शासकले जीवनको समाप्तिपछि पनि देवलोकमा आनन्द प्राप्त गरेको हुन्छ । यो अभिव्यक्तिले पनि शासनलाई भोग मानेन । शासन त योग हो । देश र जनतालाई माध्यम बनाएर चलाउने शासकीय पद्दतिलाई योग मानेको देखिन्छ । शासक र शासन व्यवस्थाको आफ्नो पहिचान संसारमा रहेको तथ्यलाई नकार्न सकिँदैन ।

**नेपालमा भोग भयो :** नेपाल आफैंमा सार्वभौमसत्ता सम्पन्न मुलुक हो । यसको पहिचान विश्वमा आफ्नै किसिमको छ । यो देशको पहिचानलाई विदेशका कतिपय मुलुकले राम्रो देशका रूपमा मानेका छन् । आफ्नो स्वाभिमानमा रमेको यो देशको पहिचानलाई कसैले पनि परिचय दिने आवश्यक छैन । नेपालको शासकीय पद्दति जुन किसिमको आए पनि नेपालले आफूलाई तरोताजा राखेको छ । समय समयमा हुने परिवर्तन र नेपालीले सो परिवर्तनका लागि खेलेको भूमिकामा कहिलेकाँही विश्व नै चकित परेको देखिन्छ । शासकीय व्यवस्थामा अनेक परिवर्तनलाई नेपालले भोग्यो र नेपाली जनताले नेपालका राजनीतिक दललाई पूर्णरूपमा साथ पनि दिए । शासनमा सदा आफूलाई उच्च राख्ने राजतन्त्र पनि नेपाली जनताको सक्रियतामा समाप्त भयो । आज हामी गणतन्त्रको विकासमा रमेका छौं । यो व्यवस्थाविरुद्ध अब नेपालमा कुनै किसिमको परिवर्तन हुने संकेत पनि देखिँदैन । नेपालमा जे जसो हुने हो यही व्यवस्थामा हुने हो । गणतन्त्र आएको देश विकासको लहरमा गतिशील हुनुपर्ने हो । विकासलाई आधार बनाएर राजनीतिक दल सक्रिय हुनुपर्ने होइन र ? विकासको मूल फुटेर देशले गति लिनुपर्ने होइन ? विकास नभएको पनि होइन । विकासले गति नलिएको पनि होइन । देशको व्यवस्था र हामीले चाहेको गणतन्त्र आएपछि नेपालीको पलायन किन ? नेपाली अध्ययनका लागि भनौँ वा कामका लागि बाहिरनुपर्ने अवस्था किन ? देशमा हामीले वा नेपालीले चाहेका शासन आएको होइन र ? हामीले चाहेको शासन आए पनि नेपालको समृद्धि हुन नसक्नुका कारक नेपाली जनता हुन् र ? शासनलाई भोग मानेर भोगिएको यो अवस्थाका कारण आजको नेपाली शासनका विरुद्ध पनि जाग्न थालेको देखियो । नेपालको राजनीतिमा दलगत स्वार्थ र आफन्तको रजाइँ बढी हुने गरेको छ । दलगत स्वार्थलाई त्यागेर योग्य मानिसलाई देशका संस्थानको जिम्मेवारी दिएमा देशले कायापलट गर्ने थियो । तर त्यसो हुनसकेन । शासनमा बसेका र रमेका मानिसका आफन्तलाई नपुग्ने अवस्था आयो । यही कारणले बिग्रको हो देशको राजनीति र राजनीतिको व्यवस्थापकीय पक्ष पनि । नेपालका सरकारी संस्थान सधै घाटामा जाने र नीजि संस्थाहरूले मनग्गे नाफा कमाउने किन ? कारण खोज्नु आवश्यक होइन र ? देशको विकासलाई प्राथमिकता र नेपाली जनताको अवस्थालाई स्वीकार गरेर अघि बढेको भए देशमा यो अवस्था पक्कै आउने थिएन । शासन नेपाली जनताले गर्ने पनि होइन । शासनमा राजनीतिकदलका नेता र कार्यकर्ता नै बस्ने हो । शासनमा बसेर सत्तालाई भोगका रूपमा लिने प्रवृत्तिका कारण आज जनतामा निराशा छाएको पक्कै पनि हो । यो निराशालाई चिर्न सकिएन भने पनि देशको राजनीतिमा नेपाली जनतालाई विश्वास नहुन सक्ने अवस्था देखिएको छ । जनतालाई सर्वोपरि मानेर गरिने शासनले देशको विकासमा नयाँपन अवश्य आउनेछ । देशमा गरिने राजनीतिमा देश र देशका जनता प्राथमिकतामा परेको हुनुपर्दछ । व्यक्तिगत स्वार्थ, आफू र आफन्त तथा आफ्ना मानिस प्राथमिकतामा परेको अवस्थासम्म देशको विकास हुन सक्दैन भन्ने तथ्यलाई प्रमाणित गर्नुपर्दैन । आजका नेपालीको भान्सा सारै महँगो भयो । तरकारी, फलफूल तथा रासनको भाउले आकाश छुन लागिसक्यो । राज्यका मन्त्री र प्रधानमन्त्री काठमाडौंका मेयर बालेनको सत्तोसरापमा लागेका छन् । उनी पाँच वर्षका लागि चुनिएर आएका व्यक्ति हुन् । उनले काठमाडौंको विकासका लागि जे जति गर्न सक्छन् गरून् । उनले चालेका कदममा काठमाडौँका बासिन्दाले साथ दिएका छन् । राजनीतिक दलका कार्यकर्ता र नेताले उनलाई सत्तोसराप गर्नुपर्ने आवश्यकता नै छैन । राम्रो गरेनन् भने उनलाई आउँदो निर्वाचनमा जनताले देखाउने नै छन् होइन र ? अहिले उनलाई सत्तोसराप किन ? राजनीतिलाई जसरी गतिशील बनाइयो त्यसले गतिलो आशाको सञ्चार गरेको छैन । प्रदेशका मन्त्रीले नै मन्त्री पद लिलामीमा राख्नुलाई गणतन्त्रप्रतिको विश्वास मान्ने ? स्थानीय तहमा हुने गरेका अनियमितता र भ्रष्टाचारलाई पनि गणतन्त्रको उपलब्धिका रूपमा स्वीकार गर्र्न खेज्या हो ? त्यसैले शासनमा बस्ने व्यक्ति वा राजनीतिक दल रमाउने होइन । शासकले सदा नेपाली जनतालाई शासकीय आधार मानेर व्यवस्थालाई चुस्त बनाउने हो भने नेपाली जनता अझ पनि विश्वासको वातावरणमा रहेका छन् । तर नेपाली जनतालाई वास्ता नगरेर आफूले र आफ्नाले मात्र शासनको दर खाने हो भने यो गणतन्त्रप्रतिको विश्वास कमजोर हुने तर्कलाई नकार्न सकिँदैन । शासनमा बसेर कसैलाई सत्तोसराप नगरौँ । व्यवस्थापकीय पक्षमा रहेर जनताका भावना सित नखेलौं । शासनलाई भोग होइन योग मानेर गतिशील बन्यौं भने हामी र हाम्रो देशले संसारलाई विकासको आधार पेश गर्न सक्ने अवस्था पक्कै पनि आउने देखिन्छ । सत्ता भोग होइन योग हो । योग मानेर नै शासकीय पद्दतिमा गतिशील हुने र जनतामा आशाको सञ्चार दिने हो कि ?

***-इहिमालय टाइम्स डटकम***

### महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** : विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

## विज्ञान/सूचना प्रविधि

# संस्कृत पढेर आणविक बम निर्माणमा मुख्य भूमिका



जे रोबर्ट ओपनहेइमरलाई 'आणविक बमका पिता' भनेर चिनिन्छ । दोस्रो विश्वयुद्धको समयमा पहिलो आणविक अस्त्र बनाउन उनले खेलेको भूमिकाका कारण उनलाई यो सम्मान दिइएको हो । सन् १९४५ को अगष्टमा जापानको हिरोसिमा सहरमा २ लाख जनाको ज्यान लिएको बम बनाउने गोप्य परियोजनाको उनी निर्देशक थिए । २३ वर्षकै उमेरमा उनले भौतिकशास्त्रमा विद्यावारिधि गरे । त्यसपछि उनले क्यालिफोर्निया इन्स्टिच्यूट अफ टेक्नोलोजी र क्यालिफोर्निया विश्वविद्यालयमा भौतिकशास्त्र पढाउन थाले । व्यवस्थापनमा उनको खासै अनुभव छैन भन्ने थाहा पाउँदापाउँदै पनि सन् १९४२ मा अमेरिकी सेनाका जनरल लेस्ली ग्रुभ्स जुनियरले उनलाई म्यानह्याटन परियोजनाको नेतृत्व गर्न प्रस्ताव गरे । लेस्लीको अनुरोधलाई उनले स्वीकार गरे। दोस्रो विश्वयुद्ध सकिएपछि ओपनहेइमरले अमेरिकी आणविक ऊर्जा आयोगको निर्देशकको रूपमा काम गरे । आणविक हतियारको प्रयोगलाई बढी निगरानी गर्नुपर्ने तर्क गर्दै उनले हाइड्रोजन बम निर्माणको विरोध गरे । तर उनले यसको ठुलो मूल्य चुकाउनु पऱ्यो । आजको यस लेखमा हामी उनै ओपनहेइमरबारे केही रोचक तथ्यबारे चर्चा गर्दैछौं ।

**संस्कृत पढेका थिए :** ओपनहेइमरका अधिकांश चर्चित वाणी सन् १९६५ मा उनीमाथि बनेको डकुमेन्ट्री 'द डिसिजन टू ड्रप द बम्ब'बाट आएका हुन् । उनलाई संस्कृतमा विशेष रुचि थियो बर्कलेमा पढ्दा उनले संस्कृत भाषा सिकेका थिए । उनले संस्कृतमै भागवत गीता पनि पढेका थिए । सन् १९६५ को डकुमेन्ट्रीमा उनले अंग्रेजीमा भागवत गीतालाई उद्धृत गरेका छन् । विश्व आणविक परीक्षणविरुद्धको दिवस : यस्ता छन् विगतमा भएका ठुला आणविक विस्फोट विश्व आणविक परीक्षणविरुद्धको दिवस : यस्ता छन् विगतमा भएका ठुला आणविक विस्फोट

**न्यू मेक्सिकोसँगको प्रेम :** सन् १९४२ मा म्यानह्याटन परियोजनको गोप्य प्रयोगशालाको रूपमा ओपनहेइमरले न्यू मेक्सिकोको निजी विद्यालय लस आलमोस र्‍यान्च स्कुललाई रोजे । परियोजनाका लागि चाहिएको कयौँ आवश्यकता सो स्कुलले पूर्ति गर्थ्यो । ओपनहेइमर किशोर हुँदा सो ठाउँलाई उनले निकै माया गर्थे । उच्च विद्यालयको पढाइ पूरा गरेपछि ओपनहेइमर हार्वार्ड विश्वविद्यालयमा पढ्न खोजेका थिए । तर उनी साह्रै बिरामी भएकाले उनका मातापिताले उनलाई न्यू मेक्सिको पठाए । यति नै बेला त्यहाँको मरुभूमिप्रति उनको आकर्षण बढ्यो । केही दशकमा उनी कयौँ पटक त्यहाँ गए । अन्ततः म्यानह्याटन परियोजनाका लागि लस आलामोसको सो स्कुललाई किनियो र यसलाई गोप्य अनुसन्धान प्रयोगशालामा परिणत गरियो ।

**महामन्दीको समयमा साम्यवादमा रुचि :** महामन्दीले उनको मनमा अमेरिकामा मजदुरको अधिकार र साम्यवादप्रति रुचि बढायो । सन् १९३० को दशकको अन्त्यतिर ओपेनहेइमर वामपन्थी धारको समर्थन गर्ने कार्यक्रमहरूमा सहभागी भए । स्पेनको गृहयुद्धमा उनले फासिस्ट विरोधी रिपब्लिकनहरूलाई चन्दा दिए, र वामपन्थी पत्रिका पिपल्स वर्ल्ड पनि किने । तर आफ्नो भाइ, प्रेमिका र श्रीमती जसरी उनी औपचारिक रूपमा कम्युनिस्ट पार्टीमा आबद्ध भएनन् । दोस्रो विश्वयुद्धको समयमा अमेरिका सोभियत संघसँग जोडिएको भए पनि रुढीवादी अमेरिकी अधिकारीहरूको मनमा यसप्रति सन्देह थियो । म्यानह्याटन परियोजनाका लागि ओपनहेइमरलाई चुन्ने सेनाका जनरल लेस्ली ग्रुभ्स जुनियरलाई कम्युनिस्टप्रति उनको झुकावबारे थाहा थियो । तर यसलाई उनले ठुलो समस्या ठानेनन् । युद्ध सकिएपछि विरोधीहरूले यसलाई सुरक्षा जोखिमसँग जोडेर ओपनहेइमरका बदख्वाइँ गर्न प्रयोग गरे ।

**रेड स्केयरको समयमा कालो सूचीमा :** सन् १९५६ मा अमेरिकाको आणविक कार्यक्रमलाई हेर्न आणविक ऊर्जा आयोग गठन गरियो । ओपनहेइमरले आणविक अस्त्रमा थप नियन्त्रण गर्नुपर्छ भन्ने तर्क अगाडि सारेका थिए । उनी हाइड्रोजन बमको विकासको विरुद्धमा थिए । अमेरिकाले पहिलो पटक यो बम सन् १९५२ मा परीक्षण गरेको थियो । हिरोशिमा र नागासाकीमा खसालिएको आणविक बमको तुलनामा हाइड्रोजन बम हजार गुणा शक्तिशाली भएकाले उनी यसको विरुद्धमा थिए । ठुलोभन्दा ठुलो बम बनाउने होडबाजीले निम्त्याउन सक्ने विनाशप्रति ओपनहेइमर चिन्तित थिए । तर सन् १९५३ मा आणविक ऊर्जा आयोगका अध्यक्ष बनेका व्यवसायी लेविस स्ट्रसलाई ओपनहेइमरले गरेको विरोध मन परेन । ओपनहेइमरको बफादारीमाथि छानबिन गर्न उनले सुनवाइ नै राखे । यतिबेला दोस्रो रेड स्वकेयर उत्कर्षमा थियो । एफबीआईले ओपनहेइमरको फोन ट्याप गरेर कम्युनिस्टहरूसँगको उनको साँठगाठ पत्ता लगायो । यसपछि उनलाई सुरक्षा खतरा नै घोषित गरियो । सन् १९५४ मा सरकारले उनको 'सेक्युरिटी क्लियरेन्स' खारेज गऱ्यो । सो युगमा कालो सूचीमा राखिएको कयौँ व्यक्तिमा उनी पनि एक बने ।

**मृत्युको ५० वर्षपछि मात्रै पाए सुरक्षा सफाइ :** 'सेक्युरिटी क्लियरेन्स' खारेज भएपछि ओपनहेइमरले आणविक ऊर्जा आयोगमा काम गर्न पाएनन् । योसँगै अमेरिकी सरकारको सल्लाहकारको रूपमा उनको करियर पनि सकियो । विज्ञानको क्षेत्रमा पाएको उपलब्धि र नेतृत्वका लागि सन् १९६३ मा तत्कालीन राष्ट्रपति जोन एफ केनेडीले उनलाई एन्रिको फर्मी अवार्डले सम्मानित गरे । तर उनले कहिले पनि 'सेक्युरिटी क्लियरेन्स' पाएनन् । ६२ वर्षको उमेरमा सन् १९६७ मा उनको मृत्यु नहुँदासम्म ओपनहेइमरले भौतिकशास्त्र र आणविक प्रविधिबारे निरन्तर बोल्ने र लेख्ने काम गरिरहे । सन् २०२२ को डिसेम्बरमा मात्रै अमेरिकाको ऊर्जा विभागले ओपनहेइमरको विषयमा भएको सुनवाइ अनुचित थियो भन्ने स्वीकार गर्दै 'सेक्युरिटी क्लियरेन्स' खारेज गर्ने फैसलालाई रद्द गऱ्यो । ओपनहेइमरको मृत्यु भएको ५० वर्षपछि मात्रै उनले सफाइ पाए ।

*-रातोपाटी डटकम*

# 'एआई इमेज जेनेरेशन मोडल' अपडेट गरेको घोषणा

गुगलले एक महिना लामो अन्तरालपछि आफ्नो 'जेमिनी एप' मा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) इमेज जेनेरेशन मोडल अपडेट भएको घोषणा गरेको छ । गुगल जेमिनी एप एआई सहायक प्रविधि हो । यसले रचनात्मकता र उत्पादकतालाई सुपरचार्ज गर्न मद्दत गर्ने सक्नेछ । यो आधिकारिक अनुप्रयोग निःशुल्क छ । गुगलले यस वर्षको सुरुमा उक्त सुविधा रोकेको थियो । यो एआई 'टेक्स्ट-टू-इमेज जेनेरेटर इमेजेन-३' उन्नत मोडेलमा सर्ने गुगलले पुष्टि गरेको छ । यो गत मेमा विकासकर्ता सम्मेलनमा पहिलो पटक घोषणा गरिएको थियो । अपडेट गरिएको उक्त संस्करणमा 'फोटोरियलिस्टिक ल्यान्डस्केप' र टेक्स्ट कमाण्डहरू मार्फत चित्रहरू सिर्जना गर्ने क्षमता पनि समावेश छ ।




फोटोरियलिस्टिक ल्यान्डस्केप एक प्रक्रिया हो, जसमा-३ डी मोडेलहरूबाट छविहरू विकास गर्न सकिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# के स्मार्टफोनका कारण ब्रेन क्यान्सर हुन्छ ?



मोबाइल फोनको असरका विषयमा हामीले विभिन्न खालका मान्यता, अवधारणा, तर्क तथा कुराहरु सुनिरहेका हुन्छौं । स्मार्टफोनको प्रयोगले गर्दा मानिसमा मस्तिष्क क्यान्सरको जोखिम हुने दाबी समेत कतिपयले गर्ने गरेका छन् । यस विषयमा एउटा रिपोर्ट सार्वजनिक भएको छ जसले यथार्थ तथ्यको खुलासा गरेको छ । विश्व स्वास्थ्य संगठनले जारी गरेको उक्त रिपोर्टले मोबाइल फोनका कारण मानिसमा ब्रेन क्यान्सर नहुने स्पष्ट पारेको छ । विश्व स्वास्थ्य संगठनले पछिल्ला २ दशकदेखिका अनुसन्धान रिपोर्टहरुको अध्ययन गरी सोही आधारमा आफ्नो समीक्षा तयार पारेको हो । पछिल्ला केही वर्षदेखि विश्वभर स्मार्टफोन प्रयोगको दर व्यापक रुपमा बढिरहेको छ । मानिसमा स्मार्टफोन प्रयोग गर्ने आनीबानी तीव्र गतिमा बढिरहेको भएपनि त्यसले मस्तिष्कमा क्यान्सर गराउने कुनै जोखिम नरहेको डब्लुएचओको भनाइ छ । यो शोधमा यस्ता मानिसहरुलाई सहभागी गराइएको छ जसले अत्यधिक मात्रामा स्मार्टफोन प्रयोग गर्दछन् । कतिपय यस्ता व्यक्तिहरु पनि छन् जसले वर्षौंदेखि नै अत्यधिक स्मार्टफोन प्रयोग गर्ने ग्रेका छन् । सन् १९९४ देखि २०२२ सम्म गरिएका ६३ वटा अनुसन्धानको समीक्षा पश्चात् शोधकर्ताहरुले पछिल्लो रिपोर्ट सार्वजनिक गरेका हुन् । यो शोधमा १० देशका ११ जना शोधकर्ताहरु सहभागी भएका थिए । जसमा अष्ट्रेलिया सरकारको विकिरण संरक्षण प्राधिकरणका विज्ञहरु पनि सामेल थिए । विश्व स्वास्थ्य संगठनको पछिल्लो रिपोर्टले त्यस्ता तमाम मानिसहरुहरुलाई राहत मिलेको छ, जसले अधिकांस समय स्मार्टफोन चलाउने गर्दछन् । हुनत यसो भन्नुको अर्थ अत्यधिक स्मार्टफोन प्रयोग गर्दा कुनैपनि दुष्परिणाम हुँदैन भन्ने होइन । तर स्मार्टफोन प्रयोगले मस्तिष्क क्यान्सर नगराउने तथ्य भने पक्का हो । यो शोधका क्रममा विज्ञहरु रेडियोफ्रिक्वेन्सी रेडिएसनका प्रभावहरुमा केन्द्रित भएका थिए, जसको प्रयोग फोनका अलावा टेलिभिजन, बेबी मनिटर लगायतका विभिन्न ग्याजेटमा हुने गर्दछ । उक्त शोधका सहलेखक समेत रहेका प्राध्यापक मार्क एलउडका अनुसार कुनैपनि अनुसन्धानले स्मार्टफोनका कारण मानिसमा क्यान्सर हुने तथ्य देखाएन । अन्तराष्ट्रिय क्यान्सर अनुसन्धान एजेन्सीले मोबाइल फोनबाट निस्किने तरंगलाई Possibly Carcinogeniccyf{t\ @B श्रेणीमा राखेको छ । यसको अर्थ स्मार्टफोनबाट निस्किने विकिरण र क्यान्सरबीच प्रत्यक्ष सम्बन्ध सावित गर्नका लागि पर्याप्त सबूत छैन तर यसलाई पूर्णरुपमा नकार्न सकिने अवस्था पनि रहँदैन । पछिल्लो डेटा सन् २०११ मा गरिएको जाँचबाट निकालिएको हो । त्यसैले क्यान्सर अनुसन्धान एजेन्सीको सल्लाहाकार समूहले यो विषयमा नयाँ तथ्य तथ्यांक सहित यथाशीघ्र नयाँ अनुसन्धान गर्नपनि सिफारिस गरेको छ ।*-अनलाइन खबर डटकम*

# एनसेलले ल्यायो नयाँ टिकटक प्याक

एनसेलका सबै ग्राहकहरुले अब मजाले टिकटक लगाउन सक्ने भएका छन् । एनसेलले शुक्रबार भदौ २१ गतेबाट टिकटक प्याक संचालनमा ल्याएको जनाएको छ । साथै सबै सधैँ अनका प्याकहरुमा सामाजिक सञ्जाल चलाउनका लागि पाइने निःशुल्क डेटामा टिकटक पनि समावेश गरेको छ । ग्राहकहरुले करसहित मात्र रु १७५ मा सात दिन सम्ममा अनलिमिटेड टिकटक चलाउन पाउने कम्पनीले जनाएको छ । त्यतिमात्र नभई यसमा अन्य प्रयोजनका लागि ग्राहकले इन्टरनेट प्रयोग गर्न २ जीबी डेटा पनि प्राप्त गर्ने भएका छन् । सरकारबाट टिकटकको प्रयोग-पहुँचमा लगाइएको रोक हटेसँगै एनसेलले प्रदान गर्दै आएको सधैँ अनका सबै प्याकहरुमा निःशुल्क पाइने सोसल मिडिया डेटामा पनि टिकटक थपिएको हो । यसको मतलब अब सधैँ अन प्याकहरुमा ग्राहकले फेसबुक, इन्स्टाग्राम र युट्युबका साथसाथै टिकटक पनि निःशुल्क रुपमा आउने डेटाबाट चलाउन पाउँछन् । 'नेपालमा औधी मन पराइएको सामाजिक सञ्चाल टिकटकमा लगाईएको रोक हटाईनु दूरसञ्चार क्षेत्र र ग्राहकहरु सबैका लागि स्वागत योग्य छ र यसका लागि हामी नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई धन्यवाद दिन चाहन्छौं,'एनसेलका चिफ कमर्सिसयल अफिसर, उमेर मोहसीनले भने । 'हामीले आजैबाट लागू हुने गरी सुलभ दरमा टिकटकमा पहुँच दिने टिकटक प्याक ल्याएका छौं र साथै सधैँ अन प्याकका सोसल मिडिया डेटामा टिकटक पनि समेटेका छौं । यसले हाम्रा ग्राहकवर्गलाई टिकटकको पहुँच अझै सहज हुने विश्वास लिएका छौं', उनले भने । एनसेलले सधैँ अन योजना अन्तर्गत बेसिक, बेस्ट र अनलिमिटेड गरि तीन प्रकारका प्याकहरु प्रदान गर्दै आएको छ । बेसिकमा सात दिन समयसीमा रहेको सधै अन प्याकमा ग्राहकहरुले अन्य बन्डल सेवाहरु बाहेका १ जीबी निःशुल्क सोसल मिडिया प्याक पाउँदै आएका छन् । त्यस्तैगरी सधैँ अनको २८ दिने बेस्ट अन्तर्गतका प्याकहरुमा प्याक अनुसार ४ जीबी, ५ जीबी र ६ जीबी निःशुल्क सोसल मिडिया डेटा पाउँदै आएका छन् । सधैँ अन अनलिमिटेड प्याकहरुअन्तर्गत २८ दिन समयसीमा भएको ८ जीबी, १० जीबी र १५ जीबी निःशुल्क सोसल मिडिया डेटा पाइन्छ । यसरी पाइने निःशुल्क सोसल मिडिया डेटाबाट अब टिकटक पनि प्रयोग गर्न सकिन्छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०८१-०५-०६ गतेको बैठकबाट टिकटकको प्रयोगमा लगाइएको रोक हटाउने निर्णय भएको थियो । यो निर्णय पश्चात् नेपाल दूरसञ्चार प्राधिकरणले शुक्रबार एक सार्वजनिक सूचना प्रकाशित गरेर सबै मोबाइल सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायक कम्पनीहरुलाई टिकटकमाथिको रोक हटाउन निर्देशन दिइसकेको छ ।

*-हाम्रा कुरा डटकम*



# पाल्पामा बीपी जयन्ती : काँग्रेसद्वारा वक्तृत्वकला







**पाल्पा,** भदौ २४/जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको १११ औं जन्मजयन्ती पाल्पामा वक्तृत्वकला तथा अन्तरसंवाद कार्यक्रम गरी मनाइएको छ । नेपाली काँग्रेस पाल्पा प्रतिनिधिसभा क्षेत्रिय कार्यसमिति क्षेत्र नं १ र २ ले संयुक्त रुपमा तानसेनमा वक्तृत्वकला तथा अन्तरसंवाद कार्यक्रम गरी बीपी जयन्ती मनाइएको हो ।

हरेक वर्ष भाषणमै सिमित बन्दै आएको कार्यक्रमलाई काँग्रेसले यस पटक भने रचनात्मक ढंगले गरेको छ । उसले विद्यार्थीहरुलाई बीपी र उनको योगदानका बारेमा जान्न र अध्ययन गर्ने बानीको विकास गराउने उद्देश्यले बीपी जयन्तीको अवसरमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको हो । 'बीपी कोइराला बहुआयामिक व्यक्तित्व' विषयक शिर्षकमा प्रतियोगिता भएको हो । प्रतियोगितामा १२ विद्यालयका विद्यार्थीहरुको सहभागीता रहेको थियो । जसमा जनता माविका सुरज डाँगी प्रथम, दमकडा माविका सुजन हिताङ द्धितीय, सरस्वती माविकी सम्झना न्यौपाने तृतीय र पाल्पा प्यारागन इग्लिस बोर्डिङ स्कूलकी केकी बस्याल सान्त्वना भएकी छन् । प्रथम हुनेलाई नगद ९ हजार, द्धितीय हुनेलाई ७ हजार, तृतीय हुनेलाई ५ हजार र सान्त्वना हुनेलाई ३ हजार रकम प्रदान गरिएको काँग्रेस क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसीले जानकारी दिए ।

उनका अनुसार प्रतियोगी सबै विद्यार्थीहरुलाई यातायात खर्च समेत दिइएको थियो । विजयी प्रतियोगीहरुलाई नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले नगद हस्तान्तरण गर्दै विद्यार्थीहरुलाई बीपीका बारेमा जानकारी गराउन प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । मुलुकको परिवर्तनमा बीपी कोइरालाको योगदानको चर्चा गर्दै विद्यार्थीहरुले समेत त्यसको अनुसरण गरेर जानुपर्ने बताए । सभापति श्रेष्ठले बीपी कोइरालाको राजनीतिक तथा साहित्यिक योगदानका विषयमा खोज गर्नुपर्ने र देशव्यापी बनाउनुपर्नेमा जोड दिए ।

काँग्रेसका पूर्व कन्द्रीय सदस्य राजनप्रसाद पन्तले बीपी कोइरालाको दर्शन, सोच र चिन्तनलाई पूर्णरुपले अनुसरण गरी पार्टीलाई अझ बढी सुदृढ बनाउनुपर्ने बताए । उनले बीपीले प्रजातन्त्रका लागि गरेको संघर्षबाट पार्टीका नेता, कार्यकर्ता एवं शुभेच्छुकले प्रेरणा लिनुपर्ने उल्लेख गरे ।

प्रतियोगिताको निर्णयक मण्डलको रुपमा त्रिभूवन बहुमुखी क्याम्पसका उपाध्यापक महेन्द्र पन्थी र सारदा खनाल रहेका थिए । उनीहरुले निष्पक्ष रुपमा निर्णयक मण्डलको भूमिका निर्वाह गरेको बताए । कार्यक्रम काँग्रेस क्षेत्र नं. २ का क्षेत्रीय सभापति मुक्तिराम जिसीको अध्यक्षता, क्षेत्र नं. १ का क्षेत्रीय सभापति झमनबहादुर राज मगरको स्वागत, क्षेत्रीय सचिव कपिल खाँडको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पाल्पामा बढ्दो...

...मेरा वरिपरि कोही छैनन्, म एक्लै भएँ भन्ने महसुस गरेपछि उसले बाँच्नुको अर्थ नदेखेर आत्महत्या गर्ने अवस्थामा पुग्ने गरेको मनोविद्हरु बताउँछन् । मानिस विभिन्न समस्यामा पर्दा समयमै उचित परामर्शको अभावमा समेत आत्महत्या बढेको छ ।

समस्यामा परेको बेलामा उचित सल्लाह र साथ नपाएपछि आत्महत्या गर्ने गरेको प्रहरीको दाबी छ । आर्थिक, सामाजिक, पारिवारिक समस्या र मानसिक तनाव झेल्न नसकेर यस्ता घटना बढी हुने गरेको हो । यो दरलाई रोक्नका लागि राज्यले भने कुनै पनि अग्रसरता नदेखाएको आरोप लाग्ने गरेको छ ।

आत्महत्या नियन्त्रणका लागि हरेक वर्ष १० सेप्टेम्बरको दिन नेपालसहित विश्वभर आत्महत्या रोकथाम दिवस मनाउने गरिन्छ । नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्यसँग सम्बन्धित गैरसरकारी संस्थाहरूले विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै यो दिवस मनाउदै आएका छन् ।

आज पनि यी संस्थाहरुले विभिन्न कार्यक्रमहरु गर्दै छन् । हरेक वर्ष दिवसका दिन सचेतनामूलक कार्यक्रम गर्दै आए पनि प्रभावकारी हुन सकेको पाइँदैन ।

## असुरक्षित भवनबाट...

...सेवाग्राहीहरू घाममै बसिरेहका हुन्छन् । एक मात्र शौचालय छ जसलाई सेवाग्राही र कर्मचारीले प्रयोग गर्छन् ।

यस्तो अवस्थामा आफूले चाहेजस्तो सेवा दिन नसकेको कार्यालय प्रमुख शोभा पाण्डेले बताइन् । कार्यालयमा एक जना सुब्बा र एक जना अधिकृत तथा एक जना कम्प्युटर अपरेटर छन् । मर्चवारको तीनवटै पालिकालाई जीर्ण भवन मर्मत एवं प्रतिक्षालय निर्माणका लागि आग्रह गरिए पनि कसैले नसुनेको पाण्डेले बताइन् । 'नयाँ बजेट बन्ने समयमै हामीले सबै पालिकालाई इलाका प्रशासन कार्यालयको लागि भन्दै बजेट छुट्टयाउन आग्रह गरेका थियौं, उनले भनिन्, 'तर अहिले बुझ्दा कुनै पनि पालिकामा बजेट विनियोजन भएको हामीले थाहा पाएनौं ।' कार्यालयमै भेटिएका सेवाग्राही विशेश्वरप्रसाद हरिजनले भवन जीर्ण रहेकाले कार्यालय आउँदा असुरक्षित महसुस गरेको बताए । उनले भवन जीर्ण भइसकेको कारण यसलाई मर्मत गर्नुको सट्टा नयाँ कार्यालय भवन बनाउनुपर्ने बताए ।

*-रासस*

खेलकुद समाचार

# रोनाल्डोको गोलमा पोर्चुगल विजयी



**काठमाडौं,** २४ भदौ/यूईएफए नेसन्स लिग लिग ए अन्तर्गत समूह एकको खेलमा पोर्चुगलले स्कटल्याण्डलाई २-१ ले पराजित गरेको छ ।

क्रिस्टियानो रोनाल्डोले ८८औं मिनेटमा निर्णायक गोल गरेपछि पोर्चुगलले स्कटल्याण्डविरुद्ध २-१ को पुनरागमन जित हात पारेको हो । खेलको सातौं मिनेटमै स्कट म्याकटोमिनेले गोल गर्दै स्कटल्याण्डलाई पहिले अग्रता दिलाएका थिए । तर, त्यो अग्रता कायम राख्न सकेन । ५४औं मिनेटमा पोर्चुगलका ब्रुनो फर्नान्डेजले गोल गर्दै खेल १-१ को बराबरीमा ल्याए ।

त्यसपछि रोनाल्डोले खेल सकिन दुई मिनेट अगाडि निर्णायक गोल गरेका हुन् । लगातार दुई खेल जितेको पोर्चुगल ६ अंकसहित समूहको शीर्ष स्थानमा छ । यसै समूहको अर्को खेलमा क्रोएसियाले पोल्याण्डलाई १-० ले पराजित गरेको छ ।

क्रोएसियाका लागि लुका मोडरिचले एक मात्र गोल गरे । पहिलो जितपछि क्रोएसिया ३ अंक जोड्दै दोस्रो स्थानमा उक्लेको छ । ३ अंक नै भए पनि गोल अन्तरमा पछि पर्दै पोल्याण्ड तेस्रो स्थानमा छ ।

अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घटेको घट्यै



**पाल्पा,** २४ भदौ/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ । गत साताको बुधबार ९० दशमलव ७३ र बिहीबार १२ दशमलव १० अंकले घटेको नेप्से परिसूचक यो साता कारोबारको पहिलो दिन आइतबार २५ दशमलव ४६ अंकले घटेको थियो । पुँजीबजारको ओरालो यात्राले सोमबार पनि निरन्तरता पाएको छ । सोमबार नेप्से परिसूचक ५५ दशमलव ८६ अंकले घटेर दुई हजार छ सय ४६ दशमलव ०३ को बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ०६ प्रतिशतको गिरावट हो ।

नेप्से परिसूचक घटेसँगै कारोबार रकममा पनि उल्लेख्य गिरावट देखिएको छ । कारोबार रकम गत असार मसान्तको हाराहारीमा खुम्चिएको छ । सोमबार तीन सय २७ कम्पनीको दुई करोड १० लाख ४८ हजार नौ सय ११ कित्ता शेयर एक लाख ११ हजार नौ सय ८६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ४३ करोड ९१ लाख छ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह दुई दशमलव ६७, जीवन बीमा दुई दशमलव ४९, निर्जीवन बीमा दुई दशमलव ४५, लघुवित्त दुई दशमलव ३३, बैंकिङ दुई दशमलव २८ र वित्त समूह दुई दशमलव २७ प्रतिशतले घटेको छ ।

त्यस्तै विकास बैंक एक दशमलव ८७, जलविद्युत् दुई दशमलव ४४, लगानी शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन एक दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव ९४, व्यापार शून्य दशमलव ३५ र अन्य समूह एक दशमलव ८३ प्रतिशतले घटेको छ । हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै सिइडिबी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ३७ करोड पाँच लाख ५७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हाईड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १३ लाख ८२ हजार नौ सय छ कित्ता शेयर किनबेच भएको छ ।

करदाता सेवा कार्यालय
तानसेन, पाल्पा

आर्थिक ऐन २०८१ ले ल्याएका छुट सुविधा सम्बन्धी करदाता सेवा कार्यालय पाल्पाको अत्यन्त जरुरी सूचना

आर्थिक ऐन २०८१ ले करदाता महानुभावहरूको सेवा सुविधालाई मध्यनजर गर्दै निम्न विशेष छुट तथा सहुलियतहरु ल्याएको जानकारी गराउंदछौ ।

विशेष छुट तथा सहुलियतहरु

- यदि तपाईले लामो समयदेखि करयोग्य कारोबार गर्नु भएको छ तर स्थायी लेखा नम्बर (PAN) लिनुभएको छैन भने PAN लिई आ.व २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आयविवरण र सो मा लाग्ने कर २०८१ फागुन मसान्तसम्म बुझाएमा सो मा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने छ ।
- PAN लिई आयविवरण बुझाउन बाँकी रहेका करदाताले आय विवरण, सो विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको २५ प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुने छ ।
- २०८० असार मसान्तसम्म VAT विवरण पेश नगर्ने VAT मा दर्ता भएका करदाताले बुझाउनुपर्ने कर विवरण सो विवरण अनुसारको VAT र सोमा लाग्ने ब्याजको ५० प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ ।

(पुनश्च : असोज मसान्तभित्र कर बुझाउने करदाताहरूलाई आ.व. २०८०/०८१को थप शुल्क र ब्याज लाग्ने छैन ।)

थप विवरण हेर्नको लागि करदाता सेवा कार्यालयको website tso-tansen@ird.gov.np मा हेर्न सकिन्छ ।

फोन नं. ०७५-५२०११७ मोवाइल नं. ९८५७०८४११७ - कर अधिकृत

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई